# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
## बालाजु, काठमाडौँ

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि दरखास्त आह्वान गरिएको सूचना

(प्रकाशित मिति : २०७८।०६।२२)

यस लिमिटेडमा रिक्त रहेका देहायका पदहरू आन्तरिक प्रतियोगिताद्वारा बढुवा गर्नुपर्ने भएकाले लोक सेवा आयोगबाट प्राप्त सहमति र पदपूर्ति समितिको निर्णय बमोजिम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, कर्मचारी सेवा सर्त नियमावली, २०५४ (संशोधन सहित) को नियम ३९(घ) अनुसार यस लिमिटेडमा तोकिएको सेवा अवधि पूरा गरेका सम्भाव्य कर्मचारीबाट नियम ३३ अनुसार यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र नियम ३४ बमोजिम रीतपूर्वक दरखास्त आह्वान गरिएकोछ। दरखास्त फाराम यस लिमिटेडको वेबसाइट www.idm.org.np बाट प्रिन्ट गरी भर्न सकिनेछ। उल्लिखित म्यादभित्र केन्द्रीय कार्यालय बालाजुमा शैक्षिक योग्यता लगायतका आवश्यक कागजातहरू स्वयं प्रमाणित गरी तोकिएको दरखास्त दस्तुर बुझाएको प्रमाण संलग्न राखी दरखास्त फाराम बुझाउनुपर्नेछ। म्याद नाघी वा रीतपूर्वक पेस नभएको दरखास्त उपर कुनै कारबाही हुनेछैन।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह/उपसमूह | आन्तरिक प्रतियोगिता | दस्तुर (रुपियाँ) |
|---|---|---|---|---|---|---|
| १. | १२/०७८/०७९ | उप निर्देशक/क्षेत्र व्यवस्थापक | ९ | प्रशासन | १ | १,२००।- |
| २. | १३/०७८/०७९ | वरिष्ठ सहायक | ५ | प्रशासन | १ | ४००।- |

**थप जानकारी** :

१. आन्तरिक प्रतियोगितामा सहभागी हुने कर्मचारीले नियम २४ को उपनियम (१) र (२) बमोजिम तोकिएको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।

२. आन्तरिक प्रतियोगितको हकमा लिखित परीक्षा र अन्तर्वार्ता हुनेछ। उपरोक्त विज्ञापनहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट काठमाडौँमा सञ्चालन हुनेछ। लिखित परीक्षाको प्रक्रिया, समय र स्थान लोक सेवा आयोगबाट सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ। लिखित परीक्षाको लागि सम्पर्क मिति पछि प्रकाशन गरिनेछ।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण गराई त्यस्ता कागजातहरूको प्रतिलिपिलाई स्वयं प्रमाणित गरी पेस गर्नुपर्नेछ।

४. **दरखास्त फाराम भर्ने अवधी** : मिति २०७८/०६/२२ देखि २०७८/०७/२० सम्म। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन।

५. **दोब्बर दस्तुर तिरी फाराम भर्ने** : दरखास्त फाराम भर्ने ३० दिनभित्र दरखास्त फाराम बुझाउन नसक्ने व्यक्तिको हकमा दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र दरखास्त फाराम बुझाउन सकिनेछ। तर दरखास्त दिने अन्तिम मिति पछि प्राप्त भएको शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र तथा उमेरको हद मान्य हुनेछैन।

**सदस्य सचिव**
पदपूर्ति समिति